भानु नगरपालिका नगर कार्यपालिकाको कार्यालय फुलेटार, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७१

## भानु नगरपालिकाको २०७५/१०/२५ गतेको नगरकार्यपालिका वैठकको निर्णयको प्रमाणित प्रतिलिपि ।

**प्रस्तावहरु**

१) नगरसभा आयोजना सम्वन्धमा ।
२) चालु आ.व.को योजना/कार्यक्रम प्रगती सम्वन्धमा ।
३) राजस्व परिचालन सम्वन्धमा ।
४) वक्यौता मालपोत असुली सम्वन्धमा ।
५) विविध ।

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ नगरसभा आयोजना सम्वन्धमा ।**
**निर्णय नं. १** भानु नगरपालिकाको चौथो नगरसभा यहि मिति २०७५ साल माघ २५ गते शुक्रबार दिनको ११:०० बजे गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ चालु आ.व.को योजना/कार्यक्रम प्रगती सम्वन्धमा ।**
**निर्णय नं. २** चालु आ.व.का लागि विनियोजित योजनाहरुको हाल सम्मको प्रगतीको अवस्थाको विश्लेषण गरी निर्धारित समयभित्र योजना कार्यान्वयन सम्पन्न गराई भौतिक तथा वित्तिय प्रगति शत-प्रतिशत कायम गराउनका लागि निम्नानुसारका कार्यहरु निम्न अवधिभित्र सम्पादन गर्न सम्बन्धित सवै परिचालन हुने निर्णय गरियो ।
लागत अनुमान तयारी- फाल्गुनको पहिलो साता सम्म
योजना सम्झौता - फाल्गुन १५ गते सम्म
कार्यसम्पन्न - ५ (पाँच) लाख सम्म चैत्र मसान्त / ५ (पाँच) लाख भन्दा माथि वैशाख मसान्त सम्म
अन्तिम भूक्तानी - वैशाख मसान्त सम्म
फाल्गुन १५ सम्म उपभोक्ता समिति सँग सम्झौता नभएका योजनाहरु चालु आ.व.मा संचालन नगर्ने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ राजस्व परिचालन सम्वन्धमा ।**
**निर्णय नं. ३** भानु नगरपालिका चालु आ.व.को करिव ७ (सात) महिनाको राजस्व असूली अवस्थालाई मध्यनजर गर्दा आ.व.को अन्त्यसम्म तेस्रो नगरसभाबाट प्रक्ष्येपण गरिएको राजस्व प्राप्त हुन सक्ने अवस्था देखिदैंन । तसर्थ नगरपालिकाको राजस्वलाई लक्ष्य बमोजिम हासिल गर्नका लागि नगरकार्यपालिका कार्यालयका तर्फबाट सम्भावित शिर्षकहरुबाट आम्दानी गर्न योजना रणनीति तयार गरी अविलम्ब राजस्व श्रोत परिचालन गर्ने तथा तपशिलका शिर्षकबाट वडा कार्यालयहरुले राजस्व असूली गर्न सवै सम्भाव्यताको प्रयोग र परिचालन गरी शिघ्राति शिघ्र राजस्व असूली तथा दाखिलाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपशिल**
१) व्यवसाय दर्ता
२) सवारी कर
३) सम्पत्ती कर, भूमि कर
४) व्यक्तिगत सम्पत्ती कर
५) सिफारिस दस्तुर
६) अन्य दस्तुर

**प्रस्ताव नं. ४ वक्यौता मालपोत असुली सम्वन्धमा ।**
**निर्णय नं. ४** नगरपालिका भित्रका नागरिकहरु सँग सम्पत्ती कर तथा भूमि कर असूली गर्ने सम्वन्धमा विगत वर्षहरुमा मालपोत वुझाएको रसिद प्रमाण सहित पेश गरेको हकमा सोही अनुसार हुने रसिद प्रमाण उपलब्ध नभएको सन्दर्भमा चालु आ.व. भन्दा ५ (पाँच) वर्ष अगाडि देखिको सम्पत्ती एवं भूमी कर असुली गर्ने गरि निर्णय गरियो ।

**प्रस्ताव नं. ५ विविध ।**
**निर्णय नं. ५** क) तपशिल बमोजिमको कार्यक्रमहरुमा माग, आवश्यकता र सान्दर्भिकताका आधारमा मिल्दो शिर्षकबाट निम्नानुसार खर्च उपलब्ध गराउने निर्णय गरियो ।
१) भानु न.पा. १० सिमलचौर मगर भाषा, संस्कृति र धर्म सम्वर्द्धन कार्यक्रम रु. १,००,०००। (एक लाख)
२) वुद्धसिंह शहिद दिवस कार्यक्रम रु. २०,०००। (बीस हजार)
३) कुमाल समाज राष्ट्रिय भेला कार्यक्रम रु. १०,०००। (दश हजार)
४) संचारिका समुह (पत्रकारिता तालिम) रु. ५०,०००। (पचास हजार)
५) सिन ग्यास उत्पादन तथा अनुसन्धान रु. ७५,०००। (पचहत्तर हजार)

ख) मिति २०७५/०७/२८ गते सम्पन्न vision workshop बाट रचना गरिएको दिर्घकालिन सोँच मध्ये यस नगरको एकिकृत शहरी विकास योजना निर्माणको दिर्घकालिन सोच:

**"साहित्य, पर्यटन तथा कृषि क्षेत्र हाम्रो,**
**पारौं समृद्ध र समुन्नत भानु राम्रो"**

ग) शहरी विकास विभागद्वारा यस नगरपालिकाका लागी तयार गर्ने विस्तृत परियोजना प्रतिवेदन (DPR) तपशिलका क्षेत्र र योजनामा गराई बनाउने निर्णय गरियो ।

१) चुँदी कुमालगाउँ, अर्चले भञ्ज्याङ्ग, थानीकोथान, वाइसजाँगर मोटर मार्ग ।

२) एकिकृत पर्यटन विकास गुरुयोजना: भानु जन्मस्थल, मिर्लुङ्गकोट, तनहुँसर, चन्दनी, चोककोट, रिप, मैवल गढीमाई, वसन्तपुर थानीथान, रानागाउँ, टुटेपानी, वासपानी, ग्रीनहिल भिलेज, नेमुनी, पञ्चमन्दिर, वाँसखर्क होमस्टे, पुतलिबजार, दोरदोरकोट, ज्वालामाई कोट, बालालहरी, शहिदपार्क, थकेक कालिका, कर्स्याङदी खोला कृतिम ताल, चन्द्रावती महादेव मन्दिर, कोटकालिका, खातिथोक थानीमाई, खुर्पाजुङ कोट कालिका, ओखलपानी देवी, राईपाली भयरथान, कोटगाउँ कालिका मन्दिर, भुमेश्वर महादेव घलेछाप, शहिदपार्क घलेछाप, भिमसेन कालिका, भिमसेन गढीमाई, महालक्ष्मी थान कवाजीत, नावरुङ कालिका, वागेश्वरी मन्दिर, सम्जुर जामे मस्जिद, पुर्कोट कालिका, निर्जला मन्दिर ।

घ) नगरपालिकाको तेस्रो नगरसभाद्वारा प्रक्षेपण गरिएको आन्तरिक राजस्व, अन्य अनुदान लगायतका स्रोतहरुमा प्रक्षेपण गरे भन्दा घटी आम्दानी हुने सम्भावनालाई विश्लेषण गर्दा हाल वडाहरुमा विनियोजित लक्षित प्रकृतिका तालिम चेतनामूलक कार्यक्रम जस्ता योजनाहरु हाल सञ्चालन गर्ने कार्य स्थगित गर्ने निर्णय गरियो ।

ङ) भानु नगरभित्रका विभिन्न वडाहरुमा गैर सरकारी संस्थाहरुबाट सञ्चालन गरिने सवै किसिमका कार्यक्रमहरु नगरपालिका सँगको समन्वय र स्वीकृती पछि मात्र गराउने निर्णय गरियो ।

च) नगरक्षेत्रभित्र रहेका NTC, NCELL लगायतका टेलिकम्यूनिकेशन लगायत अन्य संस्थाका Tower हरुको विवरण सवै वडा समितिले संकलन गरी यथासिघ्र नगरपालिकामा पठाउने निर्णय गरियो ।

छ) साविक भानु गा.वि.स.वडा नं. ५ हाल भानु नगरपालिका १ नं. वडा वस्ने धनलक्ष्मी श्रेष्ठ विच सर्वोच्च अदालत काठमाडौंमा चलेको भानु गा.वि.स.को. जग्गा सम्वन्धी मुद्धामा नेपाल ल पाउण्डेशनका अधिवक्ताहरु श्री प्रकाश पन्त र चित्र वहादुर कुताल सँगको संझौता अनुसार २०७२ साल देखिको मुद्धाको जवाफ तथा पैरवी पारिश्रमिक रु. १,८०,०००। ( एक लाख असी हजार) तथा वहस वापतको रकम रं ६०,०००। (साठी हजार) गरि कूल रकम रु. २,४०,०००। (दुई लाख चालिस हजार) मिल्दो शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । साथै उक्त मुद्धामा वाँकी अवधिका लागि १ (एक) जना मात्र कानून व्यवसायी सँग सम्झौता गरी मुद्धा सम्वन्धी कार्य अगाडि बढाउने निर्णय गरियो ।

ज) १ नं. वडा स्थित वालुवा घाटको रु. ४०,००,०००। (चालीस लाख) आय ठेक्का सम्झौता हुने क्रममा रहेको र उक्त स्थानमा जान तथा सामान ओसार पोसार गर्न केही ठाउँमा ह्युमपाईप राख्नुपर्ने, घुम्ती कटीङ्ग र ग्रावेल गर्नु पर्ने भएकोले रु. ३,००,०००। (तीन लाख) नपुग भएको भनि वडाबाट लेखिआएकोले रु. ३,००,०००। (तीन लाख) वरावरको थप काम गर्ने सहमति दिई आगामी सभाबाट बजेट व्यवस्था गर्ने निर्णय गरियो ।

झ) भानु नगरपालिकाको आ.व. ०७५/०७६ को नगरसभामा रकम विनियोजन नभएको र नेपालीहरुको महान चाड वडादशैंको अवसरलाई मध्यनजर गरी तपशिलका योजनाहरुमा प्राविधिक मूल्याङ्कन भई लागत ईस्टिमेट अनुसार उपभोक्ता समिति मार्फत मोटर बाटो सरसफाई गर्ने काम भएकोले उक्त योजनाहरुमा लागत ईस्टिमेट अनुसारको रकम मिल्दो शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१) भानु मार्ग वडा नं. १३ खण्ड सरसफाई: रु. ९५,०००। (पन्चानब्वे हजार)
२) भानु मार्ग वडा नं. १ र २ खण्ड सरसफाई रु. २५,०००। (पच्चीस हजार)
३) ढाँडफेदी केउरेपानी वाँसखर्क (जनजाती मोटर मार्ग) भानु ११ रु. ४०,०००। (चालीस हजार)
४) पाउँदी दुधेकुना गोपाल प्रमिला मार्ग भानु १० रु. २५,०००। (पच्चीस हजार)

साथै उक्त समयमा भएका अन्य मोटर मार्गहरुका कार्यहरु सम्वन्धित मोटर मार्गमा विनियोजित भएको बजेटबाटै हाल गठित उपभोक्ता समिति मार्फत भूक्तानी दिने निर्णय समेत गरियो ।